# इलम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
ILUM Multipurpose Co-operative Ltd.
Kupondole – 10, Lalitpur, Nepal


CREATING IMPAC

प.सं. २०७७।७८ च.नं.२०४

मिति : २०७७।८।२७

श्री सम्पुर्ण शेयर सदस्य महानुभावहरु
ईलम बहुउद्देश्यीय सहकारी लि.
कुपण्डोल ललितपुर

**विषय : १८ औं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

प्रस्तुत विषयमा संचालक समितिको निर्णयानुसार यस सहकारीको १८ औं वार्षिक साधारण सभा विश्वब्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) को महामारीलाई मध्यनजर गर्दै सामाजिक दुरी कायम गरेर ७ दिन सम्म हुने भएकोले तपशीलको विषयहरुमा छलफल हुनेगरी निम्न मिति, समय र स्थानमा हुने भएकोले यहाँहरुको उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

छलफलका विषयहरु :

१. अध्यक्षद्वारा प्रस्तुत आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन एवं आ.व. २०७७/०७८ को कार्य योजना पारित गर्ने ।

२. कोषाध्यक्ष द्वारा प्रस्तुत आ.व. २०७६/०७७ को आर्थिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन र आ.व. २०७७/०७८ को अनुमानित बजेट पारित गर्ने।

३. लेखा समितिको संयोजकबाट आ.व. २०७६/०७७ को लेखा प्रतिवेदन प्रस्तुत गर्ने ।

४. आ.व. २०७७/०७८ को लागि लेखा परिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

५. निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने संचालक र सदस्यबाट प्रतिनिधि नियुक्ति गर्ने ।

६. सञ्चालक समिति र लेखा समिति गठन गर्ने।

७. आ.व. २०७६।७७ मा संचालक समितिको निर्णयले संस्थामा भए गरेका सम्पूर्ण कारोवारको अनुमोदन सम्बन्धमा ।

८. संस्थाको विनियम संशोधन सम्बन्धमा ।

९. माइन्युट प्रमाणित गर्ने सम्बन्धमा ।

१०. विविध ।

कार्यक्रम

मिति : २०७७।९।१२ गते देखी मिति २०७७।९।१८ गते सम्म
समय : विहान ९:३० वजे देखी अपरान्ह ४:३० वजे सम्म
स्थान : संस्थाको कार्यालय परिसर, कुपण्डोल
सम्पर्कको लागि : ९८४१४४६६१६/९८४९२००९८०/९८४२६५९७७०
नोट : संस्थाको वार्षिक प्रतिवेदन संस्थाको कार्यालयबाट हस्ताक्षर गरी बुझी लिनुहुन अनुरोध छ ।

उमेश प्रसाद श्रेष्ठ
अध्यक्ष

# इलम बहुउद्देश्यीय सहकारी संस्था लि.

कुपण्डोल, ललितपुर

१८ औं बार्षिक प्रगति प्रतिवेदन २०७६/०७७


**सल्लाहकार समिति**

माधवराज भट्ट
ऋषिराज गौतम
रोशन पाखीन

**संचालक समिति**

अध्यक्ष उमेश प्रसाद श्रेष्ठ
कोषाध्यक्ष डा.राजेन्द्र कुमार घिसिङ
सदस्य अजय नारायण प्रधान
सदस्य श्याम महर्जन
सदस्य रुम बहादुर पाखीन
सदस्य राजन गिरी
सदस्य टोनिल महर्जन

**ऋण उपसमिति**

संयोजक - डा. राजेन्द्र कुमार घिसिङ
सदस्य - अनिल कुमार वज्राचार्य
सदस्य - सुनिल तामाङ

**लेखा तथा सुपरिवेक्षण समिति**

संयोजक - मिलन खतिवडा
सदस्य - योगेन्द्र श्रेष्ठ
सदस्य - श्याम प्रसाद बस्ताकोटी


## १. पृष्ठभूमी

सहकारीको विश्वव्यापी आधारभूत सिद्धान्त र मूल्यहरु जस्तै स्वावलम्वन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यवद्धताको आधारमा संयुक्त स्वामित्व र लोकतान्त्रिक नियन्त्रणमा विश्वास गर्दै आफ्ना सदस्यहरुको पारस्परिक आर्थिक, सामाजिक तथा सांस्कृतिक हित एवम् विकासका लागि वित्तीय सेवा तथा सुविधा पुऱ्याउने उद्देश्यले तत्कालिन सहकारी ऐन २०४८ अन्तरर्गत डिभिजन सहकारी कार्यालय, ललितपुरमा दर्ता भई इलम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको स्थापना भएको हो । यो सहकारी संस्था प्रत्येक सदस्यको इमान, खुलापन, सामाजिक उत्तरदायित्व र नैतिक मूल्यहरुमा विश्वास गर्दछ भने सहकारीको लोकप्रिय नारा "सबैका लागि एक र एकका लागि सबै" (Each for all and all for each) लाई आत्मासात गर्दै आज १८ औं बसन्त पार गरेको छ ।

## २. परिकल्पना

"पौरखी, समृद्ध र सुखी परिवारको निर्माण"

"पौरखी" :-भन्नाले पूँजि, ज्ञान–सीप, मेहनत र उद्यमशिलताको विकास मार्फत कुनै न कुनै पेशा वा ईलम गरी, गरी खाने भन्ने वुझाउदछ भने

"समृद्ध र सुखी परिवार" :- भन्नाले आफ्नै आम्दानीले गाँस, बास, कपास स्वास्थ्य, शिक्षा लगायतका आधारभूत आवश्यकता पुरा गरी केही वचाउन सक्ने आर्थिक हैसियत भएको पारिवारिक एकता, मेलमिलाप र हाँसो खुशि छाएको परिवारलाई वुझाउनेछ।

## ३. उद्धेश्य

- संस्थाले सहकारीको माध्यमबाट छरिएर रहेका पुँजी, ज्ञान, सीप र प्रविधिलाई एकीकृत गरी संस्थामा संलग्न सदस्यहरुलाई मितव्ययिता अपनाउने तथा बचत गर्न अभिप्रेरित गर्ने र सदस्यहरुवाटै जम्मा हुन आएको बचत रकमबाट आय आर्जन वृद्धिका लागि व्यवसाय सञ्चालन गर्न आफ्ना आवश्यक परामर्श एवं वित्तीय सहयोग उपलब्ध गराउने यसको उद्देश्य रहेको छ ।
- बहुउद्देश्यीय सहकारी संस्थाको उद्देश्य प्राप्तिका लागि भविष्यमा महिला शिक्षा तथा तालिमहरुको व्यवस्था गर्नुका साथै सहकारीमा पद्दतीमा आधारित कृषि फर्म सञ्चालन गर्ने, सहकारी स्कूल तथा कलेज सञ्चालन गर्ने, सहकारी अस्पताल तथा नर्सिङ होम सञ्चालन गर्ने, स्वास्थ्य सम्वन्धि कार्यहरु गर्ने तथा बिक्रीका लागि उचित

बजार व्यवस्थापन गर्ने, घर जग्गा खरिद बिक्री, हाउजिङ तथा आवास सम्बन्धि कार्य गर्ने र विभिन्न उपभोग्य वस्तुको बिक्री वितरण गर्न डिपार्टमेन्टल स्टोर सञ्चालन गर्ने र सो को माध्यमबाट विभिन्न रोजगारीको अवसरहरु सिर्जना गरी समग्र मुलुकको आर्थिक तथा सामाजिक रुपान्तरण एवं गरीबी न्यूनिकरणमा उल्लेख्य योगदान पुर्‍याउने यस संस्थाको दीर्घकालिन लक्ष्य रहेको छ ।

- सरकारले नै सहकारीलाई राष्ट्रिय विकासका तीन आधार स्तम्भ मध्ये एकको रुपमा अंगीकार गरेको हुँदा यस संस्थाको हालको कार्य क्षेत्रलाई विस्तार गरी बढी भन्दा बढी व्यक्तिहरुलाई सदस्यको रुपमा सहकारीमा आवद्ध गराई उनीहरुको आर्थिक तथा सामाजिक अवस्थाको अभिवृद्धि गर्ने यस संस्थाको अर्को उद्देश्य रहेको छ ।
- भविष्यमा एक सामाजिक कोष स्थापना गरी आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत गरीव, दलित, सीमान्तकृत तथा पिछडिएका समाजका जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृद्धि उपलब्ध गराउनुका साथै प्राकृतिक प्रकोपबाट सिर्जना हुने अप्ठ्यारो परिस्थितिमा आर्थिक, भौतिक, नैतिक सहयोग पुर्‍याई एक असल संस्थाको भूमिका निर्वाह गर्ने समेत यसको लक्ष्य रहेको छ ।

४. शेयर पुँजी :

यस सहकारी संस्थाको हालको शेयर पुंजी रु. ५,००,००,०००। (अक्षरुपी रु. पाँच करोड मात्र) कायम गरिएको छ र संस्थाले यो पुँजीका रकमलाई भविष्यमा बढाउँदै लाने योजना रहेको छ ।

५. दुरदृष्टि :

आफ्ना सदस्यहरुको दिगो आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्‍याउँदै आफ्नो क्षेत्रमा अग्रणी सहकारीको रुपमा स्थापित हुने हाम्रो दुरदृष्टि रहेको छ ।

६. प्रतिबद्धता :

आफ्ना सदस्यहरुलाई छिटो, छरितो, विश्वसिलो र भरपर्दो वित्तिय सेवा प्रदान गर्ने तथा उनीहरुलाई आर्थिक स्वावलम्बन र सामाजिक विकासका लागि संस्थाको वित्तीय स्रोत तथा साधन परिचालन गर्ने हाम्रो प्रतिवद्धता रहेको छ ।

७. व्यवस्थापन :

आफ्ना सदस्यहरुलाई सजिलो, छिटो र भरपर्दो वित्तीय सेवा प्रदान गर्ने तथा संस्थाको तत्कालिन, मध्यकालिन तथा दीर्घकालिन कार्य योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि योग्य, सक्षम र अनुभवी कर्मचारीहरुको व्यवस्था गरिएको छ भने उक्त सेवाहरु प्रदान गर्नका लागि आधुनिक सफ्टवयरको प्रयोग गरिएको छ । साथै कर्मचारीहको व्यक्तित्व तथा व्यवसायिक कार्य क्षमता अभिवृद्धिका लागि समय समयमा विभिन्न तालिम तथा कार्यशाला गोष्ठीको व्यवस्था गरिएको छ ।

८. यस संस्थाको मूल्य मान्यता

यस इलम वहुउद्देश्यीय सहकारी संस्थाले निम्न वमोजिमको मूल्य मान्यतलाई आत्मसाथ गर्दछ ।

- जवाफदेहीता
- प्रजातान्त्रिक
- समानता
- न्याय
- एक्यबद्धता
- इमान्दारीता

- पारदर्शिता
- परस्पर सहयोग

९. मुख्य विशेषता

यस इलम वहुउद्देश्यीय सहकारी संस्था लि. को निम्न वमोजिम विशेषताले यसलाई सदस्य माझ आफ्नो पहिचान दिलाउनुका साथै सदस्यहरुको प्यारो संस्था वन्न सफल भएको छ।

- बचतको सुरक्षा, विश्वसनियता
- सर्वसाधारणको सहज पहुँच
- नाफा भन्दा सेवामा वढी जोड

१०. यस सहकारीको मुलभूत पक्ष

यस सहकारी संस्थाले मुलभूत रुपमा "६ अ" अवधारणालाई आत्मासत गरेको छ। जस अन्तरगत निम्न कुराहरुलाई जोड दिइएको छ।

- **आर्थिक अवस्थामा सुधारमा जोड** : सहकारीले सदस्यहरुको जीवनस्तरमा सुधार ल्याउन सक्नु पर्दछ । सदस्यको जीवनस्तरमा सुधार आएन भने सहकारी वास्तविक सहकारी नभएर धन हुनेको धनलाई सुरक्षित लगानी गरिदिने र त्यस वापतको केही प्रतिशत लिएर व्याज असुल्ने पूँजिपतिहरुको दलालको रुपमा परिणत हुन पुग्दछ। यसर्थ सहकारीले संस्थामा आवद्ध सदस्यको आर्थिक अवस्थामा कसरी सुधार गर्न सकिन्छ भन्ने विषयमा जोड दिनु पर्दछ ताकि संस्था सँगसँगै सदस्यहरुको जीवन स्तरमा सुधार आओस।
- **अवसरहरुको सृजना** :सहकारीले मुलत रोजगारको सृजना गर्नु पर्दछ। सदस्यहरुले "समयलाई श्रममा" र "श्रमलाई रुपैयाँमा" वदल्न सकियोस। जसका लागि "**ज्ञानसीप**","**पूँजी**", "**प्रविधी**"**र**"**वजार**"सँगै अन्य अवसरहरु सृजना गर्नु आवश्यक छ जुन सदस्यहरुको लागि महत्वपूर्ण पक्षहरु हुन्।
- **अधिकार र पहूँच अभिवृद्धि** :संस्थामा निक्षेप र ऋणका लागि मात्र सदस्य नभई "एकका लागि सवै र सवैका लागि एक" भन्ने भावना अनुरुप संगठनको बलमा समुदायमा सदस्यहरुको अधिकार स्थापित गर्ने, साथै विभिन्न स्रोत, साधन र अवसरमा पहुँच अभिवृद्धिमा यस बृहत संगठनलाई उपयोग गर्नु आवश्यक छ ताकि संस्थाका सदस्यहरुको स्रोत, साधन र अवसरमा अधिकार र पहूँच अभिवृद्धि हुन सकोस।
- **अग्रसरता विकास** :जवसम्म आफू र आफ्नो समुदायको विकासका लागि स्वयम अग्रसर हुदैन तवसम्म व्यक्ति, परिवार र समुदायको रुपान्तरण दीगो हुदैन। आफु र आफ्नो समुदायको विकासका लागि आफु स्वयम अग्रसर हुनु जरुरी छ। यसर्थ सहकारीले आफ्ना सदस्यहरुलाई आफ्नो, परिवारको र समुदायको सामाजिक–आर्थिक रुपान्तरणको लागि स्वयम् अगुवा वा अग्रसरता विकास गर्नु जरुरी छ।
- **अभियान/आन्दोलनहरु संचालनमा जोड** :सहकारी संस्थाले केवल निक्षेप संकलन गर्ने र ऋण प्रदान गर्ने मात्र नभई सहकारी संगठनको माध्यमवाट विभिन्न सामाजिक रुपान्तरका अभियानहरु समेत संचालन गर्नु पर्दछ। जस्तैः स्वास्थ्य शिविर, वालश्रम मुक्त बस्ती/समाज जस्ता सामाजिक आन्दोलन वा अभियानको पनि प्रारम्भ गर्नु पर्दछ यस किसिमको अभियानवाट समुदायमा एउटा जागरण ल्याउन सकियोस।

- औद्योगिकिकरण वा उद्यमशिलता विकास : सहकारीले उद्यम वा साना उद्यमहरुलाई औद्योगिकिकरण गर्दै सामुहिक उत्पादन तर्फ डोऱ्याउनु पर्दछ। व्यक्तिवाट समूहिकता र समूहवाट आद्यौगिकता तर्फ लिएर गएमा मात्र अवसरको सृजना र आर्थिक अवस्थामा सुधार ल्याउन सजिलो हुन्छ।

| | |
|---|---|
| संस्थाको नाम/ठेगाना | इलम बहुउद्देश्यीय सहकारी लिमिटेड ललितपुर उप महानगरपालिका वडा नं. १०, ललितपुर |
| संस्था स्थापना मिति | २०५८ साल कार्तिक ०६ गते |
| संस्था दर्ता नं. | १५६ (डिभिजन सहकारी कार्यालय,काठमाडौं) |
| पान नं. | ६०५५७५८२४ |
| संचालक समिति | ७ जना |
| संस्थामा कार्यरत कर्मचारी | १० जना |

११. आ.व. ०७६/०७७ मा वचतको प्रकार र रकम :

| बचतको प्रकार र जम्मा रकम | सदस्य संख्या | रकम | कैफियत |
|---|---|---|---|
| | १०४७ | ७,२८,४३,७३३.०२ | |
| साधारण बचत | ६१२ | ८८,८३,५५७.४३ | |
| नारी सम्मान बचत | ११८ | ४१,८८,८०५.७१ | |
| जेष्ठ नागरिक वचत | ४ | २,७८,१९१.०५ | |
| विशेष बचत ३० महिना | १९ | ६,४५,०००.०० | |
| विशेष वचत ४२ महिना | ५८ | ७३,४०,९२४.३९ | |
| आवधिक वचत ३ महिना | १० | ७३,३८,०००.०० | |
| आवधिक वचत ६ महिना | ६ | २२,५०,०००.०० | |
| आवधिक वचत १ वर्ष | ५६ | ३,२४,९४,२००.६३ | |
| आवधिक वचत २ वर्ष | २ | १६,२०,०००.०० | |
| आवधिक वचत ३ वर्ष | ३ | १०,३५,०००.०० | |
| आवधिक क्रमिक वचत ६ महिना | २५ | ८८,७०४.८२ | |
| आवधिक क्रमिक बचत १ वर्ष | ५८ | ५,६१,२८०.०१ | |

| | | | |
|---|---|---|---|
| आवधिक क्रमिक बचत २ वर्ष | १ | ५४०.६० | |
| आमा संरक्षक वाल आवधिक क्रमिक बचत १ वर्ष | ४३ | ५,७७,१०८.०८ | |
| आमा संरक्षक वाल आवधिक क्रमिक बचत १ वर्ष ६ महिना | १ | ९,३८८.५४ | |
| आमा संरक्षक वाल आवधिक क्रमिक बचत २ वर्ष | २ | १८,९०२.५६ | |
| आमा संरक्षक वाल आवधिक क्रमिक बचत ३ वर्ष | ० | ०.०० | |
| सुपर सेभिङ | ३४ | ३७,४०,९४६.८९ | |
| न्यूनतम १ लाख मौज्दात बचत | | ३,६२,५०७.१४ | |
| न्यूनतम ५० हजार मौज्दात बचत | ४ | ६,९६,४७५.२८ | |
| डवल भुक्तानी बचत | १ | ६,१६,१३४.२८ | |
| न्यूनतम २० हजार मौज्दात बचत | | २३,३५०.६१ | |
| न्यूनतम ५ हजार मौज्दात बचत | | ७४,७१५.०० | |

१२.ऋण प्रवाह :

| लगानीमा रहेको ऋण | गत आ. व. ०७५/०७६ | यस आ.व. ०७६/०७७ |
|---|---|---|
| व्यक्तिगत जमानत कर्जा | ९४,२९,०३०.४७ | ६५,६९,४३४.१८ |
| व्यापारिक कर्जा | ३,३४,२०,०९६.९९ | ५,९६,२७,०११.०५ |
| अन्य कर्जा | २४,९०,१३७.७९ | ७०,९२,३९६.२१ |
| आवाधिक रसिद धितो कर्जा | ५,४०,०००.०० | ६,०८,९९९.९९ |
| जम्मा | ४,५८,७९,२६५.२५ | ७,३८,९७,८४१.४३ |

## १३.रेमिट सेवा सन्चालन :

यस संस्थाको सदस्यहरु वा सेवाग्राहीहरुलाई सरल सेवा प्रदान गर्ने क्रममा यस इलम वहुउद्देश्यीय सहकारी लिमिटेडले निम्न उल्लेखित रेमिट सेवा सफलता पूर्वक सन्चालन गर्दै आई रहेको छ भने अन्य सेवा शुभारम्भको प्रकृयामा छ ।

- हिमाल रेमिट (Himal Remit)
- वेस्टर्न युनियन रेमिट (Western Union)

१४.विमा :

यस संस्थामा कार्यरत कर्मचारीहरुको सुरक्षित भविष्यको लागि स्वास्थ्य विमा वार्षिक एक लाख र दुर्घटना विमा वार्षिक ७ लाखसम्म गरिएको छ।

१५. अन्य :

- यस संस्थाले कृषि क्षेत्रमा लगानी गरी आयमूलक कार्य संचालनको प्रकृया निरन्तर रुपमा भई रहेको छ।
- अन्तर सहकारी समन्वय विस्तार गर्ने।
- नयाँ वर्षमा इलम भित्ते क्यालेण्डर प्रकाशनलाई निरन्तरता दिईरहेको छ ।
- संस्थाका कर्मचारीहरुलाई विभिन्न तालिम सञ्चालन तथा तालिममा सहभागी गराई क्षमता अभिवृद्धी लगायत कर्मचारी प्रोत्साहनको कार्य निरन्तर रुपमा भईरहेको छ।
- संस्था स्थापना दिवश भव्य रुपले दिपावली गरी मनाउने।
- संस्थाको ऋणी सदस्य र बचत कर्ता सदस्यहरुको आवश्यकता अनुसार विभिन्न समयमा छलफल, अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।
- यस संस्थाले विभिन्न सेवा मूलक र सामाजिक कार्यक्रमहरु सञ्चालन गर्ने कुरालाई अवलम्वन गर्दै आईरहेको छ।

१६. निष्कर्ष:

इलम बहुउद्देश्यीय सहकारी संस्थाको १८ औं वर्ष प्रवेशको उपलक्ष्यमा शेयर सदस्यहरु, सञ्चालक समिति, कर्मचारीहरु, वचत संचयकर्ता र अन्य सरोकारवाला महानुभावहरु लगायत यस संस्थाको हरहमेशा उन्नति प्रगतिमा साथ दिनु हुने सम्पूर्ण शुभचिन्तकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। साथै आगामी दिनहरुमा पनि यस संस्थाले थप गुणस्तरीय सेवा सुविधा प्रदान गरिने तर्फ निरन्तरता दिइरहने छ । धन्यवाद

# बार्षिक कार्य योजना

आ.व.२०७६/०७७

१. सदस्यता विस्तार :

➢ सदस्यसंख्या : १ हजार ५ सय जना पुऱ्याईने ।

यस योजनालाई मूर्तरुप दिनका लागी निम्न कार्य गरिने छ ।

- यस संस्थाको कार्यक्षेत्र भित्र सदस्य विस्तारको लागि अभियान सञ्चालन गर्ने ।
- पहुच नपुगेको क्षेत्रको पहिचान गर्ने र कार्य क्षेत्र भरी सदस्यता वितरणलाई तिव्रता दिने ;
- बचतको प्रकार अनुरुप तपशील बमोजिम सदस्यता बृद्धि गर्ने लक्ष्य अनुसार कार्य गर्ने ।

| क्र.सं. | सदस्यताको प्रकार | हालको सदस्यता | आ.व. ०७७/०७८को लक्ष्य | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | साधारण बचत | ६१२ | १२९ | ७४१ | |
| २. | नारी सम्मान बचत | १९८ | ३३ | २३१ | |
| ३. | जेष्ठ नागरिक बचत | ४ | ३ | ७ | |
| ४. | विशेष बचत ३० महिना | १९ | २० | ३९ | |
| ४.१ | विशेष बचत ४२ महिना | ५८ | २० | ७८ | |
| ५. | आवधिक बचत ३ महिना | १० | २० | ३० | |
| ५.१ | आवधिक बचत ६ महिना | ६ | २५ | ३१ | |
| ५.२ | आवधिक बचत १ वर्ष | ५६ | २५ | ८१ | |
| ५.३ | आवधिक बचत २ वर्ष | २ | ५ | ७ | |
| ५.४ | आवधिक बचत ३ वर्ष | ३ | ४ | ७ | |
| ६. | आवधिक क्रमिक बचत ६ महिना | २५ | १५ | ४० | |
| ६.१ | आवधिक क्रमिक बचत १ वर्ष | ५८ | ३२ | ९० | |
| ६.२ | आवधिक क्रमिक बचत २ वर्ष | १ | ११ | १२ | |
| ६.३ | आवधिक क्रमिक बचत ३ वर्ष | ० | ५ | ५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | आमा संरक्षक वाल आवधिक क्रमिक बचत १ वर्ष | ४३ | ७ | ५० | |
| ७.१ | आमा संरक्षक वाल आवधिक क्रमिक बचत १ वर्ष ६ महिना | १ | ४ | ५ | |
| ७.२ | आमा संरक्षक बाल आवधिक क्रमिक बचत २ वर्ष | २ | ५ | ७ | |
| ७.३ | आमा संरक्षक बाल आवधिक क्रमिक बचत ३ वर्ष | ० | ४ | ४ | |
| ८ | सुपर सेभिङ | ३४ | १ | ३५ | |
| | जम्मा | ११३२ | ३६८ | १५०० | |

## २. शेयर वृद्धि योजना

शेयर पूँजि : हालको शेयर रु. १ करोड ४८ लाख ६८ हजार ८ सयबाट आगामी आ.व.मा रु.२ करोड २५ लाख पुऱ्याउने ।

| क्र.सं. | विवरण | हालको शेयर | शेयर वृद्धि लक्ष्य | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | शेयर | १,४७,७७,८००.०० | ७७,२२,२००.०० | २,२५,००,०००.०० | |

## ३. बचत रकम : रु. १५ करोड पुऱ्याइने ।

संस्थाले गत आ.व. ०७६/०७७ मा भएको निक्षेप रकम ७,२८,४३,७३३।०२ मा यस आ.व. मा रु.७,७१,५६,२६६।९८ थप गरी रु. १५ करोड पुऱ्याउने लक्ष राखिएको छ । जस अनुसार निम्न वमोजिम वचत शिर्षकहरुबाट निम्न अनुसार वचत संकलन गरिने छ।

- मासिक वचत न्यूनतम रु. २,०००।- बचत गराउने ।
- दैनिक वचत न्यूनतम रु. ४००।- बचत गराउने ।
- निस्कृय सदस्यलाई नियमित बचत गर्न उत्प्रेरित गर्ने ।
- संस्थाको सेवा बारे प्रचार प्रसार गर्ने ।

| क्र.सं. | सदस्यताको प्रकार | हालको निक्षेप | निक्षेप वृद्धि लक्ष्य | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | साधारण बचत | ८८,८३,५५७.४३ | १,३१,,५३,२६६.९८ | २,२०,३६,८२४.४१ | |
| २. | नारी सम्मान बचत | ४१,८८,८०५.७१ | ४२,००,०००.०० | ८३,८८,८०५.७१ | |
| ३. | जेष्ठ नागरिक बचत | २,७८,१९१.०५ | २,९०,०००.०० | ५,६८,१९१.०५ | |
| ४. | विशेष बचत ३० महिना | ६,४५,०००.०० | ६,५०,०००.०० | १२,९५,०००.०० | |
| ४.१ | विशेष बचत ४२ महिना | ७३,४०,९२४.३९ | ७३,००,०००.०० | १,४६,४०,९२४.३९ | |
| ५. | आवधिक बचत ३ महिना | ७३,३८,०००.०० | ७३,५०,०००.०० | १,४६,८८,०००.०० | |
| ५.१ | आवधिक बचत ६ महिना | २२,५०,०००.०० | २२,५०,०००.०० | ४५,००,०००.०० | |
| ५.२ | आवधिक बचत १ वर्ष | ३,२४,९४,२००.६३ | ३,२४,००,०००.०० | ६,४८,९४,२००.६३ | |
| ५.३ | आवधिक बचत २ वर्ष | १६,२०,०००.०० | १६,००,०००.०० | ३२,२०,०००.०० | |
| ५.४ | आवधिक बचत ३ वर्ष | १०,३५,०००.०० | १०,३५,०००.०० | २०,७०,०००.०० | |
| ६. | आवधिक क्रमिक बचत ६महिना | ८८,७०४.८२ | ९०,०००.०० | १,७८,७०४.८२ | |
| ६.१ | आवधिक क्रमिक बचत १ वर्ष | ५,६१,२८०.०१ | ५,६१,०००.०० | ११,२२,२८०.०१ | |
| ६.२ | आवधिक क्रमिक बचत २ वर्ष | ५४०.६० | ५,००,०००.०० | ५,००,५४०.६० | |
| ६.३ | आवधिक क्रमिक बचत ३ वर्ष | ०.०० | १,००,०००.०० | १,००,०००.०० | |
| ७. | आमा संरक्षक बाल आवधिक क्रमिक बचत १ वर्ष | ५,७७,१०८.०८ | ५,७७,०००.०० | ११,५४,१०८.०८ | |
| ७.१ | आमा संरक्षक बाल आवधिक क्रमिक बचत १वर्ष ६ महिना | ९,३८८.५४ | १,००,०००.०० | १,०९,३८८.५४ | |
| ७.२ | आमा संरक्षक बाल आवधिक क्रमिक बचत २ वर्ष | १८,९०२.५६ | ५,००,०००.०० | ५,१८,९०२.५६ | |
| ७.३ | आमा संरक्षक बाल आवधिक क्रमिक बचत ३ वर्ष | ०.०० | १,००,०००.०० | १,००,०००.०० | |
| ८ | सुपर सभिङ | ३७,४०,९४६.८९ | ३७,००,०००.०० | ७४,४०,९४६.८९, | |
| ९ | न्यूनतम ५०,००० मौज्दात खाता | ६,९६,४७५.२८ | २,००,०००.०० | ८,९६,४७५.२८ | |
| ९.१ | न्यूनतम २०,००० मौज्दात खाता | २३,३५०.६१ | १,००,०००.०० | १,२३,३५०.६१ | |
| ९.२ | न्यूनतम ५,००० मौज्दात खाता | ७४,७१५.०० | १,००,०००.०० | १,७४,७१५.०० | |
| ९.३ | न्यूनतम १,००,००० मौज्दात खाता | ३,६२,५०७.१४ | ३,००,०००.०० | ६,६२,५०७.१४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | डबल भुक्तानी बचत खाता | ६,१६,१३४.२८ | ०.०० | ६,१६,१३४.२८ | |
| | जम्मा | ७,२८,४३,७३३.०२ | ७,७१,५६,२६६.९८ | १५,००,००,०००.०० | |

## ४. बचत सेवा, प्रकार र व्याज दर :

| वचतको प्रकार | व्याज दर |
|---|---|
| साधारण वचत | ६.५% |
| नारी सम्मान वचत | ७.५% |
| जेष्ठ नागरिक बचत | ८% |
| विशेष बचत ३० महिना | एक मुष्ठ रकम |
| विशेष बचत ४२ महिना | एक मुष्ठ रकम |
| आवधिक बचत ३ महिना | ११% |
| आवधिक बचत ६ महिना | ११.५% |
| आवधिक बचत १ वर्ष | १२% |
| आवधिक क्रमिक बचत ६ महिना | ७% |
| आवधिक क्रमिक वचत १ वर्ष | ८% |
| आवधिक क्रमिक बचत २ वर्ष | ९% |
| आवधिक क्रमिक वचत ३ वर्ष | १०% |
| आमा संरक्षक बाल आवधिक क्रमिक बचत १ वर्ष | ९% |
| आमा संरक्षक बाल आवधिक क्रमिक बचत १ वर्ष ६ महिना | ९.५% |
| आमा संरक्षक बाल आवधिक क्रमिक बचत २ वर्ष | १०% |
| आमा संरक्षक बाल आवधिक क्रमिक बचत ३ वर्ष | ११% |
| सुपर सेभिङ | ९% |

यस संस्थाद्वारा निम्न वमोजिम बचत सेवाहरुलाई निरन्तरता दिइने छ । समय सापेक्ष व्याज दर परिवर्तन भईरहेपनि हाललाई निम्न बमोजिम व्याजदर कायम गरिएको छ ।

✓ माथी उल्लेखीत व्याज दरमा समय सापेक्ष प्रचलित ऐन कानुन संग नबाझिने गरी संचालक समितिको निर्णयले हेरफेर गर्न सक्नेछ। यस व्यवस्थामा वचत अवधी र निक्षेप रकम हेरी ०.५ प्रतिशत सम्म प्रबन्धकले थप गर्न सक्नेछ।

## ५. ऋण लगानी रु. १५ करोड ७५ लाख पुर्‍याउने :

ऋण लगानी रु.७,३८,९७,८४१।४३ बाट ८,३६,०२,१५८।५७ ले वृद्धि गरी आगामी आ.व.मा रु. १५ करोड ७५ लाख पुर्‍याइनेछ।

| क्र.सं. | विवरण | हालको ऋण | ऋण वृद्धि लक्ष्य | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | ऋण | ७,३८,९७,८४१.४३ | ८,३६,०२,१५८.५७ | १५,७५,००,०००.०० | |

कर्जा लगानी संगै संस्था द्वारा प्रवाह गरीएको विभिन्न प्रकारका कर्जा असुलीलाई निरन्तरता दिदै भाखा नाघेको कर्जा शुन्य अभियान संचालन गर्ने गरिने छ।

## ६.अन्य सृजनशिल कार्यहरु :

१.कुनै विमा कम्पनीको संस्थागत अभिकर्ता (corporate agent) मा सुचीकृत भई हरेक कर्जाको विमा गराउने, सदस्यहरुको जीवन विमा तथा स्वास्थ्य विमाको लागि विमा वचत योजनाको थालनी गर्ने

२.संघीय, प्रदेश तथा स्थानीय सरकारवाट उद्यमशिलता तथा सहकारी खेती अनुदान प्राप्त गर्ने योजना तयार गर्ने, कृषिमा आधारित उत्पादन मुलक व्यवसाय संचालन र प्रवर्द्धन गरी आफ्ना सदस्यहरुलाई स्वरोजगार र आत्मनिर्भर बन्न अभिप्रेरित गर्ने।

इलम बहुउद्देश्यीय सहकारी लिमिटेड
कुपण्डोल, १०, ललितपुर
१८ औ वार्षिक साधारण सभामा संचालक समितिकोतर्फबाट अध्यक्षज्यूको मन्तव्य

आदरणीय शेयरधनी महानभावहरु,

आज यस संस्थाको १८ औं वार्षिक साधारण सभामा उपस्थित आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, संञ्चालक समितिका सदस्यज्यूहरु, संस्थाका सेयरधनीज्यूहरु, विभिन्न उपसमिति तथा लेखा समितिका सदस्यज्यूहरु तथा अन्य उपस्थित सम्पूर्ण शुभचिन्तक महानुभावहरुमा संस्था र मेरो तर्फबाट हार्दिक स्वागत गर्दै उपस्थितिका लागि आभार व्यक्त गर्दछु। संस्थाको १८ औं वार्षिक साधारण सभामा सञ्चालक समितिकोतर्फबाट अध्यक्षको हैसियतले वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मैले आफूलाई अत्यन्त गौरवान्वित महसुस गरेको छु।

मुलुकको सर्वाङ्गीण विकास तथा राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्नका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत र सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा सहभागिता जनाउदै सकृय योगदान पुऱ्याउन, सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ लागु भए पश्चात प्रचलित ऐन कानुन बमोजिमका साथै आफनो निर्धारित लक्ष्य बमोजिम कारोवार गर्दै आजको यस अवस्थासम्म आईपुगेको कुरा सबैमा विदितै छ।

यस संस्थाले आफ्नो लक्ष्य हासिल गर्न र समय सापेक्ष ढंगले ग्राहक तथा सदस्यहरुलाई सेवा प्रदान गर्न सदैव तत्पर रहेको व्यहोरा समेत यहाँहरुलाई जानकारी नै छ। यसै क्रममा सहकारी मूल्य (स्वाबलम्वन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, ऐक्यबद्धता, इमान्दारी, खुल्लापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह) र सहकारी सिद्धान्त (स्वायत्तता, स्वतन्त्रता, शिक्षा तालिम र सूचना, सहकारी विच पारस्परिक सहयोग र समुदाय प्रतिको चासो) लाई आत्मसात गर्दै वि.सं. २०५८ सालमा स्थापित यस सहकारीको मुख्य उद्देश्य सदस्यहरुको बीच रहेको स-सानो रकम निक्षेपको रुपमा संकलन गरेर व्यापार, व्यवसाय, रोजगारी एंव उत्पादनशील क्षेत्रमा ऋण प्रवाह गर्दै सदस्यहरुको अधिकतम् आर्थिक हित गर्ने यस संस्थाको प्रतिवद्धता रहेको र हालसम्म भए गरिएका सबै प्रकारका गतिविधीहरु सोही प्रतिवद्धता अनुसार सामुहिक हितको लागि प्रयोग तथा अवलम्वन हुँदै आएको व्यहोरा सबै सदस्य महानुभावमा जानकारी नै छ।

संस्था संचालनका क्रममा समय सापेक्ष नेपाल सरकार तथा सहकारीको नियमनकारी निकाय मार्फत जारी गरिएको निती, निर्देशन, कार्यविधी एवम मौजुदा ऐन कानुन अनुसार अनुकुल हुने व्यवस्थाको सृजना गरी सदस्य महानभावहरुमा सेवा प्रवाह गरिदै आएको छ भने यस प्रकारको सेवा र अभ्यासलाई आगामी दिनहरुमा पनि निरन्तरता दिईने कुरा सबैमा विश्वास दिलाउन चाहान्छु।

आदरणीय शेयर सदस्य महानुभावहरु,

आ.व. २०७६/७७ को आषाढ मसान्तसम्ममा यस सहकारीको कुल सदस्य संख्या ११३२ जना पुगेको छ भने आगामी चालु आ.व.मा यो संख्यालाई वृद्धि गरी १५०० जना सम्म पुऱ्याउने लक्ष्य राखिएको छ। यसै गरी आगामी दिनमा महिला सदस्य संख्यालाई निरन्तर विस्तार गरिनेछ भने सानै उमेर देखि नै बचत गर्ने वानीको विकासमा सहयोग पुगोस भन्ने उदेश्यले वाल बचत कर्ताहरुको पनि संख्या वृद्धिमा ध्यान दिईने छ।

यस सहकारीको आ.व.२०७६/२०७७ को वित्तीय विवरण अनुसार कुल सम्पत्ति रु. ९,१४,४८,२६९।३९, शेयर पूँजी रु. १,४७,७७,८००।००, बचत रकम रु.७,२८,४३,७३३।०२ ऋण लगानी रु.७,३८,९७,८४१।४३ रहेको छ। निक्षेप संकलनतर्फ गत आर्थिक वर्ष भन्दा यस वर्ष करिब ६७ प्रतिशतका दरले र कर्जा प्रवाह तर्फ ६२ प्रतिशतका दरले वृद्धी भएको व्यहोरा जानकारी गराउन चाहन्छु । यसै क्रममा नेपाल सरकारको कर राजस्व तर्फ यस सहकारीको रु ३,२८,१६४।२० योगदान रहेको छ । आगामी चालु आर्थिक वर्षको अन्त्यतमा शेयर पूँजी रु.२ करोड २५ लाख, निक्षेप तर्फ रु.१५ करोड र कर्जा लगानी तर्फ रु. १५ करोड ७५ लाख पुऱ्याई सोही अनुसार मुनाफा आर्जन गर्ने लक्ष्य राखेका छौं ।

आगामी वर्षहरुमा सञ्चालन लागत घटाई कर्मचारीको उत्पादकत्व वृद्धी गर्ने, बजार विस्तार गर्ने, सदस्यलाई नवीनतम सेवा सुविधा प्रदान गर्ने, सुचना प्रविधीको उपभोग बढाउदै जाने, जोखिम व्यवस्थापन गर्दै जाने, सुशासन तथा स्वअनुशासन सहितको नैतिक सहकारिताको बिकास गर्ने, मौजुद सम्पत्तिको प्रतिफलयुक्त व्यवस्थापन गर्ने, कर्मचारीको सीप अभिवृद्धी गर्दै योग्य र इमान्दार कर्मचारीहरुलाई थमौती गर्ने लगायतका चुनौतीहरु यस सहकारीमा पनि रहेका छन ।

अन्तमा,

कोभिडको महामारी बीच पनि यस सहकारीले आफ्ना सदस्यहरुलाई सेवा दिन कुनै कमी राखेनौं भने सदस्य महानुभावहरुको सुझाव अनुसार लकडाउन अवधीको हर्जाना ब्याज छुट दिई सहुलियत प्रदान गरेको छौं । पूर्ववत सदस्य महानुभावहरुबाट प्राप्त सुझाव र सल्लाह बमोजिम यस सहकारीले स्थापना कालदेखी हालसम्म विभिन्न अवसरहरु संगै आएका चुनौती, र समस्यालाई समाधान गर्दै आज १८ औं बसन्त पार गरेको यो शुभअबसरलाई एक विशेष दिनको रुपमा लिदै आफुलाई सवल र सक्षमरुपमा प्रस्तुत गर्न सकेकोमा आ-आफ्नो तहबाट निस्वार्थ योगदान गर्ने, सुशासन र पारदर्शिताका साथ भुमिका निर्वाह गर्ने संचालक समितिका सदस्यहरु, शेयर सदस्य महानुभावहरु, कर्मचारी लगायत सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद,

जय सहकारी ।

.......................

उमेश प्रसाद श्रेष्ठ

अध्यक्ष

इलम बहुउद्देश्यीय सहकारी लिमिटेड
कुपण्डोल, १०, ललितपुर
१८औं. वार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट लेखा संयोजकद्धारा
वार्षिक प्रतिवेदन
आ.व. २०७६/७७

आदारणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, सञ्चालक समितिका सदस्यहरु, यस संस्थाको १८ औं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण सदस्य महानुभावहरुमा लेखा समिति तथा मेरो व्यक्तिगत तर्फबाट न्यानो अभिवादन गर्न चाहन्छु। अब म संस्थाले आ.व. २०७६/७७ मा गरेका प्रगति, कर्मचारी व्यवस्थापन, ऋण लगानी सम्बन्धी कार्यहरुलाई निम्नानुसार प्रस्तुत गर्न चाहन्छु।

१. आ.व.२०७६/७७ मा बसेको बैठक संख्या र निर्णयहरुको कार्यान्वियन अवस्था :
आ.व.२०७६/७७ मा संचालक समितिको बैठक संख्या १२ पटक रहेको र उक्त बैठकबाट भए गरिएका निर्णयहरुको कार्यान्वियन भएको पाइयो।

२. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धि व्यवस्था :
यस संस्थाका सदस्यहरुलाई ऋण लगानी गर्ने प्रक्रिया, सो वापत लिइने सुरक्षण वा धितो, संस्थाको कर्जा लगानी नीति बमोजिम रहेको छ।

३. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी :
सहकारी विभागबाट समय समयमा जारी गरिएका मापदण्डहरु यस संस्थाले पालना गरी कार्य गरेको पाइयो।

४. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संस्थाले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यन्वयन सम्बन्धि विवरणहरु :
सहकारी कार्यालय, विभागले समय समयमा अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका सुझावहरु समयमा नै कार्यान्वयन गरेको पाइयो।

५. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुका विवरण :
यस संस्थामा कार्यरत पदाधिकारीहरुको पारिश्रमिक र भत्ता निम्न बमोजिम रहेको छ।

- संचालक समितिको बैठक भत्ता
  - अध्यक्ष १४००।००
  - सदस्य १२००।००
- लेखा समितिको बैठक भत्ता
  - संयोजक १२००।००
  - सदस्य ७५०।००

६. कर्मचारी प्रशासन सम्बन्धि व्यवस्थाहरु
कर्मचारी प्रशासन सम्वन्धि प्रक्रिया एवं भर्ना प्रक्रिया पारदर्शिता रहेको छ। त्यस्तै कार्यरत कर्मचारीहरु संस्थाप्रति लगनशिल देखिन्छ। संस्थाका १० जना कर्मचारी कार्यरत रहेका छन्।

७. लेखा समितिले समय समयमा दिएका सुझावहरुको कार्यान्वयन अवस्था :
लेखा समितिले समय समयमा दिएका सुझावहरुको कार्यान्वयन भईरहेको देखिन्छ।

यस सहकारीको आ.व.२०७६/२०७७ को वित्तीय विवरण अनुसार कुल सम्पत्ति रु. ९,१४,४८,२६९।३९, शेयर पूँजी रु. १,४७,७७,८००।००, बचत रकम रु.७,२८,४३,७३३।०२ ऋण लगानी रु.७,३८,९७,८४१।४३ रहेको छ । निक्षेप संकलनतर्फ गत आर्थिक वर्ष भन्दा यस वर्ष करिब ६७ प्रतिशतका दरले र कर्जा प्रबाह तर्फ ६२ प्रतिशतका दरले वृद्धी भएको व्यहोरा जानकारी गराउन चाहन्छु । यसै क्रममा नेपाल सरकारको कर राजस्व तर्फ यस सहकारीको रु ३,२८,१६४।२० योगदान रहेको छ । आगामी चालु आर्थिक वर्षको अत्यतमा शेयर पूँजी रु.२ करोड २५ लाख, निक्षेप तर्फ रु.१५ करोड र कर्जा लगानी तर्फ रु. १५ करोड ७५ लाख पुऱ्याई सोही अनुसार मुनाफा आर्जन गर्ने लक्ष्य राखेका छौं ।

आगामी वर्षहरुमा सञ्चालन लागत घटाई कर्मचारीको उत्पादकत्व वृद्धी गर्ने, बजार बिस्तार गर्ने, सदस्यलाई नवीनतम सेवा सुविधा प्रदान गर्ने, सुचना प्रविधीको उपभोग बढाउदै जाने, जोखिम व्यवस्थापन गर्दै जाने, सुशासन तथा स्वअनुशासन सहितको नैतिक सहकारिताको बिकास गर्ने, मौजुद सम्पत्तिको प्रतिफलयुक्त व्यवस्थापन गर्ने, कर्मचारीको सीप अभिवृद्धी गर्दै योग्य र इमान्दार कर्मचारीहरुलाई थमौती गर्ने लगायतका चुनौतीहरु यस सहकारीमा पनि रहेका छन ।

अन्तमा,

कोभिडको महामारी बीच पनि यस सहकारीले आफ्ना सदस्यहरुलाई सेवा दिन कुनै कमी राखेनौं भने सदस्य महानुभावहरुको सुझाव अनुसार लकडाउन अवधीको हर्जाना व्याज छुट दिई सहुलियत प्रदान गरेको छौं । पूर्ववत सदस्य महानुभावहरुवाट प्राप्त सुझाव र सल्लाह बमोजिम यस सहकारीले स्थापना कालदेखी हालसम्म विभिन्न अवसरहरु संगै आएका चुनौती, र समस्यालाई समाधान गर्दै आज १८ औं बसन्त पार गरेको यो शुभअवसरलाई एक विशेष दिनको रुपमा लिदै आफुलाई सवल र सक्षमरुपमा प्रस्तुत गर्न सकेकोमा आ-आफ्नो तहबाट निस्वार्थ योगदान गर्ने, सुशासन र पारदर्शिताका साथ भुमिका निर्वाह गर्ने संचालक समितिका सदस्यहरु, शेयर सदस्य महानुभावहरु, कर्मचारी लगायत सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद,

जय सहकारी ।

.......................

उमेश प्रसाद श्रेष्ठ

अध्यक्ष

८. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरण :

संस्थाले लेखा नीति र सो सम्बन्धि हिसाव राख्ने प्रक्रिया सहकारी नीति एवं नियमावली अनुरुप राखिएकाले संस्थाको कारोवार पादरदर्शी र व्यवस्थित रहेको देखिन्छ।

९. लेखा समितिको सुझावहरु :

संस्थावाट संकलित निक्षेपलाई संस्थाका सदस्यहरुको कार्यक्षमता अनुसार उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकेको खण्डमा वढि प्रतिफल प्राप्त हुने भएकाले त्यस तर्फ कर्जा लगानी गर्न विशेष जोड दिनुपर्ने सुझाव दिइएको छ। त्यसै गरी

- ✓ खर्चमा मितव्ययीता अपनाई लगानीकर्तालाई वढी भन्दा वढी प्रतिफल दिने प्रयास गर्ने,
- ✓ कर्मचारीहरुको वृत्ति विकासको लागि सहकारी तालिममा सहभागितालाई यथावत कार्यान्वयन गर्ने,
- ✓ संस्थाले सामाजिक उत्तर दायित्व बोध हुने किसिमका कार्यक्रमहरुलाई प्राथमिकतामा ल्याउनुपर्ने,
- ✓ सहकारी आवद्ध सदस्यहरुलाई समय अनुकुल सामाजिक एवं स्थास्थ्यसंग सम्वन्धित कार्यक्रम आयोजना गरी सहभागी गराउने,
- ✓ संस्था बहुउद्देश्यीय भएको हुँदा सोही अनुरुप अन्य क्षेत्रमा पनि अग्रसर भई कार्य गर्नुपर्ने,

अन्तमा,

यस संस्थाको उन्नति प्रगतिमा सधैं सहयोग गरी संस्थालाई निरन्तर सफलताको बाटोमा पुऱ्याउनु हुने शेयर सदस्य महानुभावज्यूहरु, कर्मचारी वर्ग एवं शुभचिन्तक लगायत अन्य सम्बद्ध व्यक्ति एवं संस्था सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दै धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

जय सहकारी!

......................

मिलन खतिवडा

संयोजक

लेखा समिति

# इलम बहुउद्देश्यीय सहकारी लिमिटेड
## कुपण्डोल १०, ललितपुर
## १८ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षज्यूबाट प्रस्तुत
## आर्थिक प्रतिवेदन
## आ.व. २०७६/७७

